Email: dfopyuthan2075@gmail.com
Phone No. ९८५७८६६०६६

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, प्यूठान

२०८२।९।१८
धनिश्वर न्यौपाने
निमित्त डिभिजनल वन अधिकृत

## हकदाबी सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०९।१८**

उपरोक्त सम्बन्धमा जिल्ला प्यूठान नौबहिनी गा.पा. वडा नं ७ मैरामारे भन्ने स्थानमा मिति २०८१/०७/२३ गते अन्दाजी २१:१५ बजेको समयमा बिना इजाजत सङ्कलन गरिएको टिमुर जात १५ मुरी अन्दाजी ५ क्विन्टल मिति २०८१/०७/२४ गतेका दिन डि.ब.का. प्यूठानका कर्मचारी र प्रहरी चौकी फोप्लीका प्रहरी कर्मचारीहरू समेतले बरामद गरी उक्त वन पैदावार जिल्ला रोल्पा लुङ्ग्री गा.पा. वडा नं ३ रोल्पा बस्ने सागर पुन मगरलाई मिति २०८१/०७/२४ गते जिम्मा जमानी दिएको, र मिति २०८१/०७/२५ गते ऐ.ऐ. स्याउले भन्ने स्थानबाट युवा समूहको भवनमा घाटगद्दी गरी राखेको ३१ बोराको अन्दाजी ८०० के.जी. विना इजाजत सङ्कलन गरिएको टिमुर बरामद गरी मिति २०८१/०७/२५ गते जिल्ला नौबहिनी गा.पा. वडा नं ७ बस्ने डिलाराम घर्ति मगर र बालाराम घर्तिलाइ संयुक्त रुपमा जिम्मा लगाइएको टिमुरमा हाल सम्म कसैले नियमानुसार हकदाबी पुग्ने कागजात पेस नगरेकोले यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र तोकिएका कागज पत्र लिई डिभिजन वन कार्यालयमा पेस गर्नुहुन सरोकारवाला सम्पूर्ण सबैमा यो सूचना प्रकाशित गरिन्छ।

पेस गर्नु पर्ने कागज पत्रहरुः

१. टिमुर प्राप्त गरेको वा स्वामित्व प्रमाणित हुने कागज प्रमाण,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
३. व्यवसायीका प्रयोजनको लागि ओसारपसार गर्न लागेको भए डिभिजन वन कार्यालयबाट प्राप्त सहमति,
४. अन्य कुनै हकदावी सावित हुने प्रमाण।